# आकाशवाणी समाचार- नेपाली

मितिः ११ अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. स्लोभाकियाको कॉन्स्टेंटाइन द फिलॉसॉफर विश्वविद्यालयले राष्ट्रपति द्रौपदी मुर्मूलाई मानद डॉक्टरेटको उपाधि प्रदान गरेको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेश तथा मध्य प्रदेशको भ्रमण गर्नुहुनेछ, भमणको क्रममा श्री मोदी वाराणसीमा ३८८० करोडभन्दा अधिकका विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

३. २६/११ को मुम्बई आतंकवादी हमलाका मुख्य योजनाकार तहव्वुर हुसेन राणालाई अमेरिकाबाट प्रत्यर्पण पछि एनआईएले औपचारिक रूपमा गिरफ्तार, पठाइयो १८ दिनको हिरासतमा।

४. बिहारको बिभिन्न जिल्लामा वर्षा र चट्याङका कारण २८ जनाको मृत्यु भएको छ।

५. आइपिएल क्रिकेटमा दिल्ली क्यापिटल्सले रोयल च्यालेन्जर्स बैंग्लोरलाई ६ विकेटले पराजित गरेको छ।

**राष्ट्रपति- मानद डॉक्टरेट**

स्लोभाकियाको कॉन्स्टेंटाइन द फिलॉसॉफर विश्वविद्यालयले राष्ट्रपति द्रौपदी मुर्मूलाई मानद डॉक्टरेटको उपाधि प्रदान गरेको छ। सार्वजनिक सेवामा विशिष्ट योगदान पुरयाएवापत राष्ट्रपतिलाई सो पुरस्कार प्रदान गरिएको हो। सो अवसरमा राष्ट्रपति मुर्मुले शिक्षा परिवर्तनको माध्यम भएको बताउनुभयो भने भारतले शिक्षालाई आफ्नो नीतिको केन्द्रमा राखेको बताउनु भयो। यसैबीच स्लोभाकियाका राष्ट्रपति पीटर पेलिग्रिनीले राष्ट्रपति मुर्मूको भ्रमण दुई देशबीचको बढ्दो सम्बन्धमा महत्वपूर्ण उपलब्धि भएको बताउनु भयो।

****** ० ******

**प्रधानमंत्री - यूपी, मध्य प्रदेश दौरा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेश तथा मध्य प्रदेशको भ्रमण गर्नुहुनेछ। यसै क्रममा उहाँले आफ्नो संसदीय क्षेत्र वाराणसीमा ३८८० करोडभन्दा अधिकका विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरूमा वाराणसीमा पूर्वाधार विकास र सडक संपर्क शामिल छन।

बाइट

त्यसपछि प्रधानमन्त्री मोदीले मध्य प्रदेशको भ्रमण गर्नुका साथै इसागढस्थित गुरु जी महाराज मन्दिरको भ्रमण गर्नुहुनेछ भने उहाँको आनन्दपुर धाममा आयोजित एक सार्वजनिक समारोहमा सहभागी हुनुका साथै सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

****** ० ******

**राणा - प्रत्यर्पण**

२६/११ को मुम्बई आतंकवादी हमलाका मुख्य योजनाकार तहव्वुर हुसेन राणालाई अमेरिकाबाट प्रत्यर्पण पछि हिजो साँझ नयाँ दिल्ली आइपुगे लगत्तै राष्ट्रीय अन्वेषण अभिकरण-एनआईएले औपचारिक रूपमा गिरफ्तार गरेको थियो। राणालाई राष्ट्रीय सुरक्षा गार्ड्स र एनआईएका वरिष्ठ अधिकारीहरूको टोलीले लस एन्जलसबाट विशेष विमान मार्फत नयाँ दिल्ली ल्याएको थियो। पाकिस्तानी मूलका क्यानेडियन नागरिक रानालाई आवश्यक कानुनी औपचारिकता पूरा गरी विमानस्थलमा एनआईएको जाँच

टोलीले विमानबाट ओर्लेलगत्तै पक्राउ गरेको थियो। स्वास्थ्य परीक्षण पछि राणालाई पटियाला हाउस कोर्टमा एनआईएको विशेष न्यायाधीशसमक्ष पेश गरिएको थियो जहाबाट उसलाई १८ दिनको हिरासतमा पठाएको थियो।राणामाथि २००८ मा मुम्बईमा घातक आतंकवादी हमला गर्न डेभिड कोलम्यान हेडली उर्फ दाउद गिलानी, लश्कर–ए–तैयबा र हर्कत–उल–जिहादी इस्लामीका साथै पाकिस्तानस्थित अन्य योजनाकारसँग मिलेर षडयन्त्र गरेको आरोप छ। यी आक्रमणमा परी १६६ जनाको मृत्यु हुनुका साथै २३८ भन्दा बढी घाइते भएका थिए। लश्कर-ए-तैयबा र हर्कत-उल-जिहादीलाई भारत सरकारको गैरकानूनी गतिविधि रोकथाम अधिनियम, १९६७ अन्तर्गत आतंकवादी संगठन घोषित गरिएको छ।

****** ० ******

**अमरीका - भारत - राणा**

यसैबीच २६/११ को मुम्बई आतंकवादी हमलाका मुख्य योजनाकार तहव्वुर राणाको प्रत्यर्पण पछि अमेरिकी विदेश मन्त्रालयले विश्वव्यापी आतङ्कवादविरुद्ध लड्न भारतसँग मिलेर काम गर्ने प्रतिबद्धता दोहोर्याएको छ। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले आक्रमणका लागि जिम्मेवार व्यक्तिहरूलाई जवाफदेही बनाउने भारतको प्रयासलाई अमेरिकाले निरन्तर समर्थन गर्दै आएको बताउनु भयो।

**सर्वोच्च न्यायालय - वक्फ याचिका**

सर्वोच्च न्यायालयले 16 अप्रैलमा वक्फ संशोधन अधिनियम, 2025 को संवैधानिक वैधतालाई चुनौती दिने याचिकाहरूको सुनुवाइ गर्नेछ। मुख्य न्यायाधीश न्यायमूर्ति संजीव खन्ना र न्यायमूर्ति संजय कुमार तथा न्यायमूर्ति के.वी. विश्वनाथनको पीठले यो मामिलाको सुनुवाइ गर्नेछ।केन्द्र सरकारले हिजो यस सम्बन्धमा सर्वोच्च न्यायालयमा कैविएट अर्थात् विरोध पत्र दायर गरेको छ।कैविएट आवेदन वादीले आफ्नो पक्ष सुनुवाइ नगरी आफ्नो विरुद्ध कुनै पनि प्रतिकूल आदेश पारित न गरोस भनेर चेतावनी आवेदन दायर गर्दछ। सर्वोच्च न्यायालयमा यस अधिनियमको संवैधानिक वैधतालाई चुनौती दिने कैयन याचिकाहरु दर्ता गरिएको छ। वक्फ संशोधन अधिनियम, 2025 मंगलवार देखि प्रभावी भएको छ। सरकारले यस संबंधमा अधिसूचना पनि जारी गरिसकेको छ।

****** ० ******

**शाह- नशीले पदार्थ**

केन्द्रीय गृहमन्त्री अमित शाहले मोदीको नेत्रित्वको सरकारले ड्रग माफियालाई उन्मूलन गर्न पूर्ण शक्तिका साथ लागि परेको बताउनु भएको छ। एक सोशल मीडिया मार्फत एजेन्सीहरूको प्रयासको प्रशंसा गर्दै श्री शाहले भन्नुभयो नशा मुक्त भारत बनाउने उद्देश्यले देशका एजेन्सीहरूले ड्रग माफियाहरूविरुद्ध कडा कारबाही गर्न व्यापक अभियान चलाएका छन् जसको फलस्वरुप 24 करोड़ 32 लाखभन्दा अधिक मूल्यको ३० किलोग्राम भन्दा बेसी मेथाम्फेटामाइन ट्याब्लेटहरू जफत गरेका छन् र आसामबाट तीन जनालाई गिरफ्तार गरेका छन्। यसका साथै श्री शाहले  ड्रग माफियाविरुद्ध सरकारको अभियान तीव्र रुपमा जारी रहने बताउनु भयो भने गृहमन्त्रीले नारकोटिक्स कन्ट्रोल ब्युरो, आसाम पुलिस र सीआरपीएफलाई यो ठूलो सफलताका लागि बधाई दिनुभयो।

****** ० ******

**बिहार-मौत**

बिहारको नालन्दा, जहानाबाद, मुजफ्फरपुर, अररिया र बेगुसराय जिल्लामा वर्षा र चट्याङ्का कारण २८ जनाको मृत्यु भएको छ भने पाँच भन्दा अधिक घाइते भएका छन्।

बाइट

मौसम विभागले आगामी ४८ घण्टामा भारी वर्षा र मेघगर्जनसहित वर्षाको सम्भावना रहेको जनाएको छ। यसैबीच बिहारका मुख्यमन्त्री नितिश कुमारले घटनाप्रति दुःख व्यक्त गर्नुभयो भने मृतकका परिवारलाई चार-चार लाख रुपैयाँका तदर्थ सहयोग गर्ने घोषणा समेत गर्नुभयो।

****** ० ******

**उत्तरप्रदेश-प्रल्हाद जोशी**

केन्द्रीय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री प्रह्लाद जोशीले गहुँ खरीद र प्रधानमन्त्री सूर्य घर पहल सहित विभिन्न योजनाहरूमा उत्तर प्रदेशको प्रदर्शनको प्रशंसा गरेका छन्। श्री प्रह्लाद जोशी र मुख्यमन्त्री योगी आदित्यनाथले

लखनउमा प्रधानमन्त्री सूर्य घर निःशुल्क बिजुली योजना, पीएम कुसुम योजना र रबी मार्केटिंग वर्ष २०२५-२६ को लागि गहुँ खरीदको बारेमा संयुक्त समीक्षा बैठक गरेका छन्। श्री जोशीले उत्तर प्रदेशलाई देशभरि उदाहरणको रूपमा प्रस्तुत गर्न लक्षित अभियानद्वारा यी प्रयासहरूमा सुधार गर्नुपर्नेमा जोड दिनुभयो। उहाले बढ्दो ऊर्जा मागलाई पूरा गर्न राज्य तयार रहेको र सही दिशामा अघि बढिरहेको बताउनुभयो । बैठकमा मुख्यमन्त्री योगीले सौर्य ऊर्जा र गहुँ खरीदमा राज्यको प्रदर्शनको बारेमा श्री प्रह्लाद जोशीलाई जानकारी गराएका थिए। उहाले उत्तर प्रदेशले यी क्षेत्रमा उत्कृष्ट परिणाम प्राप्त गर्न प्रयास गर्ने विश्वास दिलाउनुभयो । लखनउको भ्रमणको अवधि श्री जोशीले मोहनलालगंज मण्डीमा पुगेर किसानहरु संग अन्तरक्रिया गर्नुभयो।

**पश्चिम बंगाल हनुमान जयंती**

कलकत्ता उच्च न्यायालयले पश्चिम बङ्गाल विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीलाई हनुमान जयन्तीको अवसरमा कोलकातामा र्‍याली गर्न अनुमति दिएको छ। यद्यपि न्यायाधीश तीर्थंकर घोषको एकल बेन्चले उत्तर कोलकाताको एक मार्गमा हुने र्‍यालीका लागि धेरै शर्तहरू राखेको छ । एकल पीठको निर्देशनअनुसार भोलि साँझ ५ बजेदेखि ८ बजेसम्म र्‍यालीका लागि समय तोकिएको छ । र्‍यालीमा सहभागी हुनेको अधिकतम संख्या २५० भन्दा अधिक हुनु हुँदैन र सहभागीहरूले ध्वनि प्रदूषण नियमहरू कडाइका साथ पालना गर्नुपर्नेछ। र्‍यालीमा डिजेको प्रयोगमा पनि रोक लगाइएको छ । हनुमान जयन्तीको अवसरमा कोलकाता पुलिसले र्‍याली गर्न अनुमति नदिएपछि विपक्षी दलका नेता कलकत्ता उच्च अदालतमा पुगेका थिए। यस मुद्दाको सुनुवाइका क्रममा न्यायाधीश घोषले र्‍याली आयोजना गर्न सशर्त अनुमति दिएका थिए ।

****** ० ******

**भारत संयुक्त अरब अमीरात युवराज**

दुबईका क्राउन प्रिन्स शेख हमदान बिन मोहम्मद बिन राशिद अल मकतूमले प्रधानमन्त्री नरेन्द्र मोदी, भारत सरकार र भारतका जनताप्रति हार्दिक आभार व्यक्त गर्दै दुई देशले सफल वैश्विक साझेदारीका लागि मानक स्थापित गरिरहेको बताएका छन् । दुबईका युवराज तथा संयुक्त अरब इमिरेट्स (युएई) का उपप्रधानमन्त्री तथा रक्षामन्त्री शेख हमदान बिन मोहम्मद बिन रसिद अल मकतूम भारतको दुईदिने सफल भ्रमण पूरा गरी स्वदेश फर्कनुभएको छ । यो उनको पहिलो औपचारिक भारत भ्रमण थियो । दुबईका क्राउन प्रिन्सले एक सामाजिक सञ्जाल पोस्टमा आफ्नो कृतज्ञता व्यक्त गर्दै संयुक्त अरब इमिरेट्स (युएई) र भारतबीच सताब्दीयो पुरानो सभ्यतागत सम्बन्ध रहेको बताएका छन् । त्यस साझेदारीको भावनामा दुवै देश उज्ज्वल भविष्यतर्फ अघि बढिरहेका छन् । यो जनताको पारस्परिक हितसँग मेल खाने दुई देशका साझा मूल्यमान्यताको प्रतिबिम्ब हो । अबु धाबीदेखि नयाँ दिल्ली र दुबईदेखि मुम्बईसम्म, दुई देशले मित्रता र सहयोगका स्थायी सेतुहरू स्थापना गरिरहेका छन्, जुन साझा महत्वाकांक्षा र सीमाभन्दा बाहिर साहसिक भविष्यवादी दृष्टिकोणबाट निर्देशित छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुबईका युवराजकानिम्ति लोक कल्याण मार्गस्थित आफ्नो सरकारी निवासमा दिवाभोजको आयोजना गर्नुका साथै संयुक्त अरब इमिरेट्सका राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयान र दुबईका प्रधानमन्त्री मोहम्मद बिन रसिद अल मकतूमलाई हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

****** ० ******

**आईपीएल क्रिकेट**

आइपिएल क्रिकेटमा दिल्ली क्यापिटल्सले रोयल च्यालेन्जर्स बैंग्लोरलाई ६ विकेटले पराजित गरेको छ । गएराती चिन्नास्वामी स्टेडियममा भएको खेलमा दिल्लीक्यापिटल्सले १७.५ ओभरमा ४ विकेट गुमाएर १६९ रन बनाउदै म्याच जितेको हो । दिल्लीका लागि केएल राहुलले अविजित ९३ रन बनाए भने ट्रिस्टन स्टब्सले अविजित ३८ रन बनाए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको बैंगलोरले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १६३ रन बनाएको थियो । टीमका लागी फिलिप साल्ट्स र टिम डेभिडले समान ३७–३७ रन बनाए । बलिङतर्फ दिल्लीका कुलदीप यादव र विपराज निगमले समान २–२ विकेट लिए ।

****** ० ******

**बैडमिंटन एशिया चैंपियनशिप**

एशिया बैडमिंटन चैंपियनशिपको मिक्स क्वाटरफाइनलमा आज भारतका ध्रुव कपिला र तनिषा क्रास्टोको जोडीले हङकङका ताङ चुन मान र त्से यिङ सुएतको जोडीसँग प्रतिस्पर्धा गर्नेछन । चीनको निङबोमा शनिबार भएको प्रिक्वाटरफाइनलमा

भारतीय जोडीले चाइनिज ताइपेइका **हांग वेई ये** र निकोल गोन्जालेस चानको जोडीलाई पराजित गर्दै अन्तिम आठमा स्थान बनाएका हुन् ।

****** ० ******